# नागरिक लगानी कोष

## कोषको वित्तीय अवस्था (अपरिष्कृत)

### २०८२ चैत मसान्तसम्म

**कोषको स्रोत (Sources of Fund)** रु. हजारमा

| विवरण | २०८२।८३ चैत मसान्त | २०८१।८२ चैत मसान्त |
|---|---|---|
| शेयर पुँजी | ६,८०५,७९८ | ६,४८१,७१२ |
| **खुद कोष मौज्दात** | **३०४,५४०,०८९** | **२८०,१५२,४४८** |
| **कुल अवकाश कोष मौज्दात** | **२८७,७१२,११३** | **२५७,३७९,८४६** |
| क.ब.वृ. अवकास कोष | २१०,४०९,९७८ | १८४,१९०,५८७ |
| नागरिक एकाङ्क योजना | २,१३२,९२५ | १,९७६,९३५ |
| उपदान कोष योजना | ५७,७९९,८०२ | ५१,०१५,३०४ |
| लगानीकर्ता हिसाब | ११,५४५,९१५ | ११,००६,८५४ |
| राष्ट्रसेवक कर्मचारीको बीमा कोष | ५,०९५,९२४ | ८,६९९,६३२ |
| नार्क बीमा कोष | १६३,०१९ | १५६,९८३ |
| नागरिक पेन्सन योजना | ५६४,५५० | ३३३,५५१ |
| **बीमाकोष दायित्व** | **४,१४७,७८२** | **३,७५१,५४४** |
| जगेडा कोष | १२,६८०,१९३ | १९,०२१,०५७ |
| केन्द्रीय हिसाब | ३,२०६,५२५ | ३,०७५,५२८ |
| अन्य कोष र योजना | ९,४७३,६६८ | १५,९४५,५२९ |
| **उचित मूल्य कोष** | **७,५१०,७७७** | **९,८४६,५४४** |
| **पुनः मूल्याङ्कन कोष** | **३३२,०६०** | **३३२,०६०** |
| **चालू दायित्व तथा व्यवस्था** | **११,३९९,४१०** | **३,९०८,७२७** |
| **जम्मा :** | **३३०,५८८,१३४** | **३००,७२१,४९१** |

**कोषको उपयोग (Applications of Fund)** रु. हजारमा

| विवरण | २०८२।८३ चैत मसान्त | २०८१।८२ चैत मसान्त |
|---|---|---|
| **खुद स्थिर सम्पत्ति** | **२,२२१,३९८** | **२,२५१,२६३** |
| **लगानी** | **३११,४९६,६९९** | **२७८,४३८,५६२** |
| नेपाल सरकारको ऋणपत्र | १५,७०९,४३६ | ५००,००० |
| मुद्दती निक्षेप | १३४,३५८,८८८ | १५४,३८२,०९६ |
| समयकालीन कर्जा | २६,३१६,७५५ | २५,९१६,३८९ |
| सहायक कम्पनीमा लगानी | २,७२४,६७५ | २,७२८,५०० |
| सहभागी सापटी तथा आवास कर्जा | ६७,०५२,१२० | ५६,७१०,५९१ |
| ट्रेजरी बिल | ३३,३२३,७०२ | ६,८८०,५०० |
| सङ्गठित संस्थाको शेयर/धितोपत्र | ३२,०११,१२४ | ३१,३२०,४८७ |
| **उचित मूल्य समायोजित सम्पत्ति** | **७,५१०,७७७** | **९,८४६,५४४** |
| **बैंक मौज्दात** | **१,६११,३००** | **२,०७०,५१०** |
| **चालू सम्पत्ति** | **७,७४७,९६०** | **८,११४,६१२** |
| **जम्मा** | **३३०,५८८,१३४** | **३००,७२१,४९१** |

माथि उल्लिखित विवरणका अङ्कहरू लेखापरीक्षकको सुझाव अनुसार परिवर्तन हुनसक्नेछ ।

# नागरिक लगानी कोष

## केन्द्रीय हिसाब

### २०८२ श्रावण १ देखि २०८२ चैत मसान्त सम्मको

**अपरिष्कृत आय/व्यय हिसाब** रु. हजारमा

| विवरण | २०८२।८३ चैत मसान्त | २०८१।८२ चैत मसान्त |
|---|---|---|
| ब्याज आम्दानी | २५९,८७८ | २४०,१०९ |
| सेवा शुल्क तथा कमिसन आम्दानी | १,३०७,१०६ | १,१९८,६६० |
| विविध आम्दानी | ७३,७९१ | ९०,०६७ |
| **कुल आम्दानी** | **१,६४०,७७६** | **१,५२८,८३६** |
| व्यवस्थापन खर्च | २०७,१२३ | २१८,३०० |
| खर्च व्यवस्था | ११७,८९० | ११०,५०५ |
| **कूल खर्च** | **३२५,०१३** | **३२८,८०५** |
| कर अगाडिको खुद नाफा | १,३१५,७६३ | १,२००,०३१ |
| आय कर व्यवस्था | ३२९,७०४ | ३००,९९८ |
| **खुद नाफा** | **९८६,०५९** | **८९९,०३३** |

## Particulars

**Financial Ratios & Other Information:**

| Overall | As on Chaitra 2082 | As on Chaitra 2081 |
|---|---|---|
| Return on Investment (ROI) | 4.36% | 5.69% |
| Fund to Investment ratio | 99.73% | 99.39% |
| Weighted average cost of fund | 4.22% | 5.07% |
| Central Account | | |
| Net Worth (Rs. in '000) | 10,012,323 | 9,557,240 |
| Net Worth (Value per share) | 147.11 | 147.45 |
| Earning Per Share (in Rs.) - Annualized | 19.32 | 18.49 |

**१. वित्तीय विवरण**

त्रैमासिक अवधिको वासलात, नाफानोक्सान सम्बन्धी विवरण माथि उल्लेख गरिए बमोजिम रहेको छ ।

**२. व्यवस्थापकीय विश्लेषण**

कोषले दीर्घकालीन प्रकृतिको कोष सङ्कलन गर्ने भएको र सहभागीहरूको मासिक सङ्कलन रकमबाट दैनिक भुक्तानी दिने कार्य गर्ने भएको हुँदा तरलता व्यवस्थापनमा सहजता छ। कोषको मुख्य आम्दानीको रूपमा कोषले सञ्चालन गरेका योजनाहरूबाट प्राप्त सेवा शुल्क, ब्याज आम्दानी तथा नगद लाभांश रहेको छ। कोषले बन्दमुखी सामूहिक कोष योजना सञ्चालन गर्ने प्रक्रिया अगाडि बढाएको छ। लगानी विविधीकरणलाई कोषले प्राथमिकतामा राखेको छ।

**३. कानूनी कारबाही सम्बन्धी विवरण**

(क) नागरिक लगानीकोषले सञ्चालन गरेको उपदान कोष तथा लगानीकर्ता हिसाब योजनाको रकमबाट सम्बन्धित संस्थाका अवकास प्राप्त कर्मचारीहरूलाई योगदानमा आधारित नभएको अवकास रकम भुक्तानी गर्दा आयकर ऐन, २०५८ को दफा ८८ को उपदफा (१) बमोजिम १५ प्रतिशतका दरले आयकर बापत कट्टा गरी भुक्तानी दिँदै आएकोमा उपदान तथा लगानीकर्ता हिसाब योजना बापत ५ प्रतिशत मात्र कर कट्टि गर्नुपर्ने सम्बन्धमा कोष समेतलाई प्रतिवादी बनाई रिट दायर हुने गरेको र सो सम्बन्धमा सम्मानित सर्वोच्च अदालत एवं उच्च अदालत बाट विभिन्न आदेश आइरहेको अवस्था विद्यमान छ।

(ख) कोषले उपदान कोषको रकममा ५ प्रतिशत मात्र कर कट्टा गरेको मिलेन भनी ठूला करदाता कार्यालयबाट आ.व. २०७४।०७५ को संशोधित कर निर्धारण गर्दा कोषलाई जरिवाना गरेको र सो उपर कोषले आन्तरिक राजस्व विभाग, लाजिम्पाटमा प्रशासकीय पुनरावलोकन गरेकोमा विभागबाट समेत ठूला करदाता कार्यालयको निर्णयलाई सदर गरेको हुँदा मिति २०८२ असोज ०२ गते राजस्व न्याधिकरण काठमाडौँमा पुनरावेदन गरिएको छ।

**४. सङ्गठित संस्थाको शेयर कारोबार सम्बन्धी विश्लेषण**

(क) कोषको शेयर नेपाल स्टक एक्स्चेन्ज लि.को दोस्रो बजारमा खुला शेयर बजार अन्तर्गत कारोबार भइरहेको छ। यस विषयमा कोष व्यवस्थापनको धारणा तटस्थ रहेको छ।

(ख) त्रैमासिक अवधिको शेयरको अधिकतम, न्यूनतम, अन्तिम मूल्य, कारोबार भएको कुल दिन तथा कारोबार सङ्ख्याः

| अधिकतम मूल्य | न्यूनतम मूल्य | अन्तिम मूल्य | कारोबार भएको कुल दिन | कारोबार शेयर सङ्ख्या |
|---|---|---|---|---|
| १,९००.१३ | १,७३५.१० | १,७७६ | ५३ | ५,६०,९२६ |

**५. समस्या तथा चुनौती**

कोषले प्रयोगमा ल्याइरहेको सफ्टवेयरलाई सबै कारोबार र अन्य निकायहरूले प्रयोगमा ल्याइरहेको सफ्टवेयरसँग एकीकरण हुनेगरी मिल्दो बनाउने, पुरानो हिसाबमिलान कार्य सम्पन्न गर्ने, सहभागीहरूलाई दिइने प्रतिफल दरलाई आकर्षक बनाई राख्ने आन्तरिक चुनौती तथा समस्याहरू कोषसँग रहेका छन्। त्यसैगरी पुँजीबजार तर्फको कारोबारमा प्रतिष्पर्धा, नेपाल वायु सेवा निगमलाई प्रवाह भएको कर्जा नियमित रूपमा असुली नभएको, कोषमा आबद्ध संस्था र सहभागीहरूलाई सामाजिक सुरक्षा कोषमा जानुपर्ने अवस्था सिर्जना गरिनु तथा योगदानमा आधारित पेन्सन कार्यक्रम अन्य संस्थाबाट सञ्चालन गर्ने व्यवस्थाले कोषको कारोबारमा परेको असर जस्ता बाह्य चुनौतीहरू रहेका छन् । यसै गरी बजारमा अधिक तरलता रहेको कारणबाट मुद्दती निक्षेपको ब्याजदरमा आएको अत्यधिक गिरावटले कोषले सञ्चालन गरेका कार्यक्रम/योजनाको वित्तीय अवस्थामा पर्न गएको असर चुनौतीपूर्ण रहेको छ। यी चुनौतीहरू समाधानका लागि कोषले आफ्नो प्रयोगमा रहेको सफ्टवेयरलाई नियमित रूपमा अद्यावधिक गरी सबै कार्यक्रममा लागू गर्ने, कोषका सेवाहरूलाई डिजिटलाइज गर्ने, बैंक रिकन्सिलियसन कार्यलाई चुस्त दुरुस्त बनाउने, सहभागीहरूलाई आर्कषक प्रतिफल दिने गरी सुरक्षित रूपमा लगानी विविधीकरण गर्ने लगायतका रणनीति कोषले लिएको छ।

**६ संस्थागत सुशासन**

कोषको शीर्ष निकायका रूपमा रहेको सञ्चालक समिति शेयरधनीहरू प्रति उत्तरदायी हुने तथा संस्थागत सुशासन कायम गर्ने जिम्मेवारीमा रहेको छ। कोषले सञ्चालन गर्ने योजना/कार्यक्रमहरूको सञ्चालन, अनुगमन तथा वित्तीय विवरण प्रमाणीकरण गर्न सञ्चालकको संयोजकत्वमा ट्रस्टी उपसमितिहरू गठन गरिएको छ। सहभागीहरू प्रति ट्रस्टी उत्तरदायी रहने गरेको छ। आर्थिक अनुशासन र आन्तरिक नियन्त्रण प्रणाली कायम गर्न सञ्चालकको संयोजकत्वमा लेखा परीक्षण समिति रहेको छ। सञ्चालकको संयोजकत्वमा सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी अनुगमन उपसमिति गठन गरिएको छ। यस सम्बन्धमा सम्पादित कार्यहरूको प्रतिवेदन आवधिक रूपमा समिति समक्ष पेश गर्ने गरिएको छ। कोषका कार्यकारी निर्देशकको संयोजकत्वमा लगानी उपसमिति र कर्जा उपसमिति गठन गरिएको छ। लगानी नीतिको सीमाभित्र रही तोकिएको विधि प्रक्रिया र मापदण्डको अधीनमा रही लगानी गर्ने गरिएको छ। सहभागीहरूलाई कर्जा प्रदान गर्दा कर्जा कार्यविधिको अधीनमा रही गर्ने गरिएको छ।

**७. सत्य, तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण**

आजका मिति सम्म यस प्रतिवेदनमा उल्लिखित जानकारी तथा विवरणहरूको शुद्धता सम्बन्धमा म व्यक्तिगत रूपमा उत्तरदायित्व लिन्छु। साथै म यो उद्घोष गर्दछु की मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लिखित विवरणहरू सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरूलाई सुसूचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरू लुकाइएको छैन।